## डिपोप्रोभेरा (सुई) के हो ?

केही वर्ष बिराएर बच्चा पाउन चाहने महिलाका लागि डिपोप्रोभेरा सुई परिवार नियोजनको एक भरपर्दो अस्थायी साधन हो। यो साधन नेपालमा पनि निकै लोकप्रिय छ। यो लोकप्रिय हुनुको कारण यो एकपटक लगाएपछि ३ महिनासम्म काम गर्छ। साथै यसबाट शरीरमा सामान्य असरहरू मात्र हुने र प्रयोग गर्दैजाँदा बिस्तारै त्यस्ता असरहरू आफैं हराएर जाने गर्दछ ।

## डिपोप्रोभेरा के हो ?

डिपोप्रोभेरा सूई महिलाले प्रयोग गर्ने परिवार नियोजनको एक भरपर्दो अस्थायी साधन हो । एउटा बच्चा पाइसकेपछि अर्को बच्चा केही वर्षको फरकमा पाउन चाहने महिलाले हरेक ३/३ महिनामा एक-एकपटक यो सुई लगाउने गरेमा गर्भ रहँदैन । याने एकपटक लगाएको सुईले तीन महिनासम्म काम गर्दछ । यो सुई महिलाको पाखुरा या फिलामा स्वास्थ्यकर्मीले लगाई दिन्छ ।

**औषधी पसलहरुमा पनि परिवार नियोजनको अस्थायी साधन किन्न र डिपोप्रोभेरा जस्तै सुई लगाउन पाइन्छ**

## डिपोप्रोभेराले कसरी गर्भ रोक्ने काम गर्छ ?

- यो सुई लगाइसकेपछि २४ घण्टापछि असर गर्दछ ।
- महिलाको शरीरभित्रको डिम्बाशयबाट डिम्ब निस्कन दिँदैन ।
- पाठेघरको मुखमा हुने तरल पदार्थलाई बाक्लो बनाएर शुक्रकिटलाई पाठेघरमा पस्न दिँदैन ।
- पाठेघर भित्रको पत्रलाई पातलो बनाइदिन्छ जसले गर्दा डिम्ब टाँसिन पाउँदैन ।

## डिपोप्रोभेरा सुई लगाउने समय कुन हो ?

- महिनावारी भएको ७ दिनभित्र ।
- गर्भपतन भएमा तुरुन्तै वा ७ दिनभित्र ।
- सुत्केरी भएको ६ हप्तामा ।
- यदि महिला गर्भवती छैनन् भन्ने निश्चित भएमा जुनसुकै समयमा पनि ।
- पछिल्लो महिनावारी पछि सहवास नभएको अवस्थामा ।
- अरू कुनै प्रभावकारी साधन लगातार तथा सही तरिकाले प्रयोग गरिरहेको भए जुनसुकै समयमा पनि ।

## कस्तो महिलाले डिपोप्रोभेरा सुई लिनुहुन्छ ?

- स्तनपान गराइरहेकी (बच्चा पाइसकेको ६ हप्तापछि) महिला र
- केही वर्ष बिराएर बच्चा जन्माउने रहर भएकी महिला ।

## कस्तो महिलाले डिपोप्रोभेरा सुई लिनु हुँदैन

- गर्भवती महिलाले
- स्तनमा गाँठागुँठी वा गिर्खा भएकी महिलाले
- कमलपित्त भएकी महिलाले
- उच्च रक्तचाप भएकी महिलाले
- आधा कपाल दुख्ने महिलाले
- मधुमेह रोग भएकी महिलाले
- महिनावारीको बीचबीचमा रगत जाने भएकी र क्यान्सर रोग लागेको शंका भएकी महिलाले डाक्टरलाई जँचाएर मात्र सुई लिनुपर्छ ।

## डिपोप्रोभेरा सुई लगाएपछि हुने साधारण असरहरु

- महिनावारी नहुनु
- तौल घटबढ हुनु
- लामो समयसम्म छिटफुट रगत देखा पर्नु
- टाउको दुख्नु
- महिनावारी हुँदा बढी रगत जानु ।

**यी असरहरु प्रयोग गर्दै जाँदा आफैं हराउँदै जान्छन् ।**

## डिपोप्रोभेरा सुईका फाइदाहरु के के हुन्

- एकपटक यो सुई लगाएपछि तीन महिनासम्म

गर्भवती नहुने ।

- सुई लगाएको ३ घण्टाभित्र तुरुन्तै असर गर्ने ।
- सुई लगाउन सुरु गर्नका लागि पाठेघरको परीक्षण गर्नु नपर्ने ।
- सहवासमा कुनै अवरोध नहुने र सहवासको इच्छामा कुनै फरक वा कमी नहुने ।
- पुन: छोडेपछि गर्भधारण हुन सक्ने ।
- सबै तहका स्वास्थ्यकर्मीहरूले सुई दिन सक्ने ।
- कसै-कसैलाई रगतको कमी हुनबाट बचाउँछ ।
- स्तनपान गराउने आमाहरूको दूधको मात्रा बढाउँछ ।
- महिनावारी हुँदा पेट दुख्न कम हुने ।
- गर्भपतन पछि पनि तुरुन्तै प्रयोग गर्न सकिने ।
- महिनावारी हुँदा रगत बग्न कम हुने ।
- आइरनको कमी हुनबाट बचाउने ।

## कस्तो अवस्थामा स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ?

- स्तनमा छुँदा दुख्ने वा असजिलो हुने भएमा ।
- प्रजजन क्षमता पुन: फर्कन डिपोप्रोभेरा सुई लिन छाडेपछि धेरै महिना लाग्न सक्छ । प्रायजसो सुई लगाउन छाडेको ७ महिनापछि वा पछिल्लो पटक सुई लगाएको १० महिनापछि प्रजनन क्षमता फिर्ता हुन्छ तर कसैकसैलाई प्रजनन क्षमता फिर्ता हुन १२ देखि १८ महिनासम्म लाग्न सक्छ । यस बेलामा दम्पत्तिले आवश्यक ठानेमा ।

## डिपोप्रोभेरा सुई कहाँ पाइन्छ

- अस्पताल
- जिल्ला जनस्वास्थ्य क्लिनिक
- प्राथमिक स्वास्थ्य केन्द्र
- स्वास्थ्य चौकी
- उपस्वास्थ्य चौकी
- गाउँघर क्लिनिक
- गैरसरकारी संस्थाबाट सञ्चालित परिवार नियोजन क्लिनिक
- संस्थागत परिवार नियोजन सेवा केन्द्र

**सरकारी स्वास्थ्य संस्थाहरुमा डिपोप्रोभेरा सुई नि:शुल्क रुपमा लगाउन पाइन्छ ।**


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
टेकु, काठमाडौं
फोन : ४-२५४६१३, ४-२५४२७१, फ्याक्स : ४-२६१३८७
E-mail : hellis@wlink.com.np
Website : www.nheicc.gov.np
२०६७/०६८


# डिपोप्रोभेरा

## सुई



केही वा ३ वर्ष बिराएर बच्चा जन्माउन चाहने महिलाले हरेक ३/३ महिनामा एकपटक डिपोप्रोभेरा सुई लगाएमा अनिच्छित गर्भधारण हुनबाट रोक्न सकिन्छ ।